ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड
GREEN DEVELOPMENT BANK LTD
PARTNERING FOR PROSPERITY
(नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजत पत्र प्राप्त संस्था)
हरिशंकररोड, बा.न.पा.-२, बाग्लुङ्ग, नेपाल, फोन नं. ०६८- ५२२८६५/८६६ फयाक्स नं.०६८-५२२८६७
E-mail: info@greenbank.com.np, Website: www.greenbank.com.np

को

# संस्थापक समूहको अवितरित हकप्रद शेयर लिलाम बढाबढ गरी बिक्री गर्ने बारेको शिलबन्दी बोलपत्र आव्हानको सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति : २०७५/०३/०३**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७५/०३/१०**

**बोलपत्रद्वारा बिक्री गरिने धितोपत्रको विवरणः**
**संस्थापक शेयर** : ३,३७,५०० कित्ता

श्री ग्रीन डेभलपमेन्ट बैंक लिमिटेडको हकप्रद शेयरहरु मिति २०७४/१०/०२ गतेका दिन देखि २०७४/११/२३ गतेसम्म हकप्रद शेयरको बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा संस्थापक समूहको ३,३७,५०० कित्ता हकप्रद शेयरको लागि आवेदन नपरेकोले नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशिका, २०७४ को निर्देशन, धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा १५ समेतको प्रावधानलाई आधार मानी उक्त शेयरहरु गोप्य शिलबन्दी बोलकबोल बढाबढ गरी साविकको संस्थापक शेयरधनीहरुमा समेत बिक्री गर्दा ३,३७,५०० कित्ता शेयरको लागि साविकका संस्थापक शेयरधनीहरुबाट दरखास्त प्राप्त हुन नआएको हुंदा निष्काशनकर्ता बैंकको संचालक समितिको निर्णयानुसार उक्त शेयरहरु खरीद गर्न योग्य इच्छुक जो कोही व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले **मिति २०७५ साल असार १० गते बैंकिङ्ग समयभित्र** देहाय बमोजिमको स्थानहरुमा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ।

## तपसिल

| सि.नं. | बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थान (संकलन केन्द्र) हरुः |
|---|---|
| १. | श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँबानेश्वर, काठमाण्डौ। |
| २ | श्री ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड, केन्द्रीय कार्यालयः हरिशंकररोड, बाग्लुङ्ग। |

**शर्तहरुः**

१. बोलपत्र आवेदन फाराम रु. १००/- नगद भुक्तानी गरी माथि उल्लेखित संकलन केन्द्रहरुबाट प्राप्त गर्न सकिनेछ।

२. शेयरको न्यूनतम मूल्य प्रति शेयर रु. १००/- तोकिएको हुँदा सो वा सो भन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नु पर्नेछ। एकै व्यक्ति वा कम्पनीले विभिन्न मूल्यमा शेयर खरीदका लागि भिन्ना भिन्नै शिलबन्दी खामभित्र आवेदन दिनु पर्ने छ। लगानी व्यवस्थापकले आफ्ना ग्राहकहरुको नामबाट आवेदन गर्दा आफ्नो आधिकारिक पत्र मार्फत तोकिएको अनुरुपको सूची बनाई सम्पूर्ण आवेदकहरुको लागि गरिने लगानी रकम लगानी व्यवस्थापकले एउटा चेक मार्फत पेश गर्न सक्नेछ।

३. बोलपत्र आवेदन फारममा आफुले लिन चाहेको शेयर संख्या तथा प्रति कित्ता दर अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिईनेछ। केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ। धेरै केरमेट भई कबोल गरेको मुल्य रकम नबुझिने भएमा त्यस्तो बोलपत्रलाई मान्यता दिईने छैन।

४. बोलपत्रदाताले बोलपत्रमा आफ्नो नाम, ठेगाना, टेलिफोन नम्बर, खाता रहेको बैंकको नाम र खाता नं. तथा आफ्नो हितग्राही खाता नं.(**Demat Account No.**) लगायत बोलपत्र आवेदन फारममा उल्लेखित सम्पुर्ण विवरण स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ।

५. शेयर खरीदको लागि बोलकबोल पेश गर्दा न्यूनतम १,००० कित्ताको लागि आवेदन दिनु पर्नेछ। सो भन्दा बढि १० अंकले भाग जाने गरी अधिकतम सम्पूर्ण कित्ताका लागि आवेदन दिन सकिने छ। हाल कायम रहेको शेयर र आवेदन गरेको शेयर समेत गरी नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशिका, २०७४ को निर्देशन बमोजिम अधिकत्तम सिमासम्म मात्र आवेदन दिन सकिनेछ। रु.१० लाखसम्मको आवेदन दिनेले स्वेच्छिक रुपमा र रु. १० लाख भन्दा बढी रकमको आवेदन दिनेले अनिवार्य रुपमा आफ्नो प्यान नं. आवेदन फारममा उल्लेख गर्नुपर्नेछ।

६. बोलपत्रवालाले आफूले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्यको सम्पूर्ण रकम श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेडको नाममा श्री लक्ष्मी बैंक लिमिटेडको हात्तिसार, काठमाण्डौंमा रहेको तल उल्लेखित खाता नं. मा नगद जम्मा गरी सो को सक्कल भौचर संलग्न गरी वा श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेडको नाममा खिचिएको Good for Payment Cheque संलग्न गरी बोलपत्र पेश गर्नु पर्नेछ। यदि चेक भुक्तानी नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ।

| क्र.सं | खाता रहेको बैंक | खाताको नाम | खाता नं |
|---|---|---|---|
| १. | लक्ष्मी बैंक लिमिटेड, हात्तिसार, काठमाण्डौं। | लक्ष्मी क्यापिटल मार्केट लिमिटेड | **००५३४०१०६७२** |
| २. | ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड, हरिशंकररोड, बाग्लुङ्ग | लक्ष्मी क्यापिटल मार्केट लिमिटेड | **००१२१२००००४९४२०००००१** |

७. बाँडफाँडमा परेका आवेदकहरुलाई आवेदककै हितग्राही खातामा शेयर नामसारी गरिने हुँदा आवेदनमा हितग्राही खाता अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।

८. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था/कम्पनी हुनु पर्नेछ। संगठित संस्था/कम्पनी भएमा कम्पनी दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा शेयर खरीद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि तथा अख्तियारनामा समेत पेश गर्नु पर्नेछ।

९. शिलबन्दी खाम बाहिर **“ग्रीन डेभलपमेन्ट बैंक लिमिटेडको संस्थापक शेयर खरीद आवेदन”** उल्लेख भएको हुनु पर्नेछ। शिल बोलपत्र लाहाछाप गरिएको हुनुपर्नेछ।

१० बोलपत्र मिति २०७५/०३/१० गते कार्यालय समय भित्र माथि उल्लेखित संकलन केन्द्रहरुमा दर्ता भईसक्नु पर्नेछ। म्याद नाघि आएका वा रित नपुगेका आवेदनहरु उपर कारबाही गरिने छैन।

११. बोलपत्र दाखिला गरि सकेपछि बोलपत्रमा कबोल गरेको शेयर संख्या वा रकममा कुनै हेरफेर गर्न वा बोलपत्र फिर्ता लिन सकिने छैन। बोलपत्रदाताले कुनै शर्त राखि पेश गरेको वा रित नपुगेको वा म्याद नाघि आएको बोलपत्रलाई मान्यता दिइने छैन।

१२. प्राप्त बोलपत्रहरु मिति २०७५/०३/१३ गते लक्ष्मी क्यापिटल मार्केट लिमिटेड नयाँ बानेश्वर, काठमाडौंमा बिहान ११:०० बजे खोलिने छ।

१३. उपत्यका बाहिरका संकलन केन्द्रहरुबाट संकलित आवेदन फारमहरु कुरियर मार्फत पठाउनु पर्ने भएकाले कुनै कारणवश काबु बाहिरको परिस्थिति पर्न गई निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा समयमा पठाउन नसकेमा वा समयमा प्राप्त हुन नसकेमा वा बिचमा नै नष्ट हुन गएमा नियामक निकायको राय सुझाव लिएर मात्र लिलाम बढाबढको आवश्यक प्रक्रिया अगाडि बढाईने छ।

१४. रितपूर्वक प्राप्त बोलपत्रहरु मध्ये सबै भन्दा बढि बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिने छ। यस बाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढि रकम कबोल गर्नेलाई क्रमश बिक्री गरिनेछ। बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा एउटै मुल्यमा दुई वा दुई भन्दा बढि बोलपत्र आवेदनहरु पर्न गई बिक्री हुन बाँकी शेयर संख्या भन्दा बढिको माग भएमा समानुपातिक रुपमा शेयर बाँडफाँड गरिने छ।

१५. बोलपत्र आवेदनहरु मध्ये बाँडफाँडमा नपरेको आवेदकहरुको बोलकबोल वापत जम्मा भएको रकम धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को व्यवस्था बमोजिम तोकिएको समयावधि भित्रमा IPS मार्फत आवेदकहरुको बैंक खातामा सोझै फिर्ता भुक्तान गर्ने व्यवस्था गरिनेछ। साथै सो रकममा कुनै किसिमको ब्याज प्रदान नगरिने व्यहोरा समेत जानकारी गराइन्छ।

१६. कथंकदाचित शेयर खरीदको लागि कुनै पनि बोलपत्र पेश हुन नआएमा वा बिक्री गरिने सम्पूर्ण शेयरकालागि बोलपत्र पेश हुन नआएमा वा आंशिक रुपमा बोलपत्र पेश भई बाँकी रहन जाने भएमा ग्रीन डेभलपमेन्ट बैंक लिमिटेडको संचालक समितिको निर्णय बमोजिम हुनेछ। शेयर बिक्री गर्ने वा नगर्ने वा आवेदनमा माग गरेको भन्दा कम शेयर बाँडफाँड गर्न सक्ने सम्पुर्ण अधिकार यस ग्रीन डेभलपमेन्ट बैंक लिमिटेडको संचालक समितिमा निहित रहने छ। साथै बोलपत्र आवेदन तथा शेयर बाँडफाँड सम्बन्धी कुनै विवाद उत्पन्न भएमा सो को अन्तिम निर्णय गर्ने अधिकार यस ग्रीन डेभलपमेन्ट बैंक लिमिटेडको संचालक समितिमा रहनेछ।

१७. बाँडफाँडमा परेको/नपरेको जानकारी ग्रीन डेभलपमेन्ट बैंक लिमिटेडको तथा लक्ष्मी क्यापिटल मार्केट लिमिटेडको सूचना पाटी तथा वेवसाइटः www.laxmicapital.com.np मा उपलब्ध गराईनेछ।

**बिक्री प्रवन्धकः**

लक्ष्मी क्यापिटल मार्केट लिमिटेड
Laxmi Capital Market Limited
(Wholly Owned Subsidiary of Laxmi Bank Limited)
(नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धक, धितोपत्र प्रत्याभूति, शेयर रजिष्ट्रेशन तथा लगानी व्यवस्थापन कार्य गर्न इजाजत प्राप्त)
पो.ब.नं. ८४४९, का.म.न.पा. वडा नं. १० नयाँ बानेश्वर, काठमाडौं, नेपाल
फोन नं.: ९७७-०१-४७८०२२२, ४७८१५८२, फ्याक्स नं. ९७७ -१-४७८०५८३
Email : info@laxmicapital.com.np~URL: www.laxmicapital.com.np

मिति २०७५/२/२७ गतेको नयाँपत्रिका दैनिकमा प्रकाशित गर्ने।
मिति २०७५/२/२७ गतेको अभियान दैनिकमा प्रकाशित गर्ने।